# स्थानीय राजपत्र

खण्ड १ कीर्तिपुर, साउन २४ गते, २०७५ साल संख्या १०

## भाग-२

## कीर्तिपुर नगरपालिका

संवत २०७५ सालको कार्यविधि नं. ८

## नगर खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक **सद्भाव** कायम राखि युवाहरुलाई धुम्रपान, मद्यपान, लागू पदार्थ सेवनको कुलतबाट जोगाई सु-संस्कृत समाजको निर्माण गर्न, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत स्वस्थ नागरिक बनाउन, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उद्धेश्यलाई मुर्त रुप दिन वाञ्छनिय भएकोले नगर खेलकुद संचालन सम्बन्धी यो कार्यविधि बनाइएको छ ।

# परिच्छेद -१

## नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम " **नगर खेलकुद संचालन सम्बन्धी कार्यविधि, २०७५"** रहनेछ ।र यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

क) "कार्यविधि" भन्नाले "कीर्तिपुर नगरपालिका, नगर खेलकुद सम्बन्धि कार्यविधि २०७५" भन्ने सम्झनुपर्छ ।

ख) "युवा तथा खेलकुद विकास समिति" भन्नाले नगर कार्यपालिकाको बैठकबाट गठित युवा तथा खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ ।

ग) "नगर खेलकुद समिति" भन्नाले नगर कार्यपालिकाबाट गठित नगर खेलकुद समिति भन्ने सम्झनु पर्छ ।

घ) "टिम, क्लब, संघ, संस्था" भन्नाले कीर्तिपुर नगरपालिकामा तोकिए बमोजिम दर्ता भएका कीर्तिपुर नगर क्षेत्र भित्रका टिम, क्लव र संघसंस्थाहरु भन्ने सम्झनु पर्छ ।

ङ) "खेलाडी" भन्नाले टिम, क्लव, संघसंस्था सम्बद्ध खेलाडी बन्ने सम्झनु पर्छ ।

च) "प्रशिक्षार्थी" भन्नाले कीर्तिपुर नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ ।

छ) "प्रशिक्षक" भन्नाले कीर्तिपुर नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

ज) "प्रशिक्षण समिति" भन्नाले नगर खेलकुद समिति अन्तर्गत कीर्तिपुर नगरपालिका क्षेत्र भित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समिति भन्ने सम्झनु पर्छ ।

झ) "खेलकुद विकास कोष" भन्नाले कीर्तिपुर नगरपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।

ञ) "खेलाडी विवरण" भन्नाले टिम, क्लब, संघ संस्थाहरुले आफ्नो टिम, क्लब, संघ संस्थामा आबद्ध भनि प्रमाणित गरी प्रत्येक महिना नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ ।

ट) "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्बद्ध समिति, उप-समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य

३. नगर खेलकुद समितिका उद्देश्यहरु

क) नगरको कला, संस्कृति र खेलकुदको विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्या@उने,

ख) नगरभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,

ग) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने,

घ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसंस्थालाई परिचालन गर्ने,

ङ) खेलकुदको माध्यमबाट नगरवासीहरुलाई नागरिक भावनाप्रति सचेत गराउने,

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने,

छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरुलाई समेत शारीरिक व्यायाम खेलकुद व्यवस्था गर्न सहयोग पुर्यारउने,

ञ) कीर्तिपुर नगरपालिकाभित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

ट) टिम, क्लब, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

ठ) नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

ड) नगर खेलकुद समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

## परिच्छेद-३

## नगर खेलकुद समितिको गठन र बैठक कार्यविधि

४. नगर कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर खेलकुद समिति गठन गर्न सक्नेछ ।

क) कीर्तिपुर नगरपालिका युवा तथा खेलकुद विकास सामितको संयोजक -अध्यक्ष

ख) युवा तथा खेलकुद विकास समितिका सदस्यहरु - सदस्य

ग) नगरपालिकाको प्रत्येक वडाबाट नगरपालिकाले मनोनयन गरेको १० जना -सदस्य

घ) नगर प्रमुखले तोकेको कर्मचारी -सदस्य सचिव

५. नगर खेलकुद समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । र नगर कार्यपालिकाबाट पुनर्नियुक्ति हुन सक्नेछ ।

६. नगर खेलकुद समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

७. अध्यक्षको काम, कर्तव्य र अधिकार

क) नगर खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरि आयोजन, संचालन तथा व्यवस्थापन गर्ने/गराउने ।

ग) राष्ट्रिय/अन्तरराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा नगरपालिकाको प्रतिनिधित्व गर्ने ।

घ) नगर खेलकुद समितिको वैठक वस्न नसकेको अवस्थामा नगरपालिकामा गर्नुपर्ने सम्पुर्ण सिफारिसहरु गर्ने ।

ङ) समितिले तोकेका अन्य कार्यहरु गर्ने/गराउने ।

८. सदस्य सचिवको काम कर्तव्य र अधिकार

क) वैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने ।

ख) बैठक माइन्युटिंङ उठाउने र बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने ।

## परिच्छेद-४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

९. नगर खेलकुद समिति आफैले वा नगरपालिकाले दर्ता भएका टिम, क्लबहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

१०. नगर खेलकुद समिति आफैले वा नगरभित्रका टिम, क्लबहरु मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टीमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

११. सल्लाहकार समितिको गठनः- नगर खेलकुद समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद-५

## नगर क्षेत्रभित्रका टीम, क्लब र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

१२. कीर्तिपुर नगरपालिका भित्रका टीम, क्लब, समिति र संस्था आदिले नगर खेलकुद समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा फारम शुल्क रु.१०/-, दर्ता शुल्क रु. २५०/-  सम्बन्धित वडाअध्यक्षको सिफारिस सहित फारम शुल्क रु. २५०/- का साथ दर्ता नवीकरण समेत गर्नु पर्नेछ ।

१३. दर्ता भएका टीम, क्लब, पुस्तकालयले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडि नगर खेलकुद समितिबाट स्वीकृति लिनु पर्नेछ ।

१४. दर्ता र नवीकरण गर्नुभन्दा पहिले नगर खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ ।

१५. नगर खेलकुद समितिमा दर्ता भएका टीम, क्लब, संघ, संस्थाहरुले नगर खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद समितिको सिफारिसमा नगरपालिकाबाट निम्नानुसार आर्थिक सहयोग उपलव्ध गराईनेछ ।

क) वडा व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. ५०००/- देखि रु. १०,०००/- सम्म,

ख) नगर व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. १०,०००/- देखि रु. २०,०००/- सम्म

ग) उपत्यका र जिल्ला व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. १५000/- देखि रु. ३0,000/- सम्म

घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. २0,000/- देखि ५0,000/- सम्म

ङ) नगरको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुर्या्उने प्रतियोगिताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुर्या उन नगरपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलव्ध गराईने छ ।

१६. नगर खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गरिनेछ ।

१७. नगर खेलकुद समितिले टिम दर्ता निवेदन फारम, नविकरण फारम, प्रशिक्षक/प्रशिक्षार्थी फारम, परिचयपत्र, दर्ता प्रमाण पत्र आदिको ढाँचा निर्धारण गरि लागु गर्नेछ ।

## परिच्छेद-६

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

१८. नगरपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

१९. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

२०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

२१. कीर्तिपुर नगरको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लब, संघ संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ ।

## परिच्छेद -७

## खेलकुद प्रतियोगिता व्यवस्थापन

२२. अन्तर नगरपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टीम, क्लब, संघ संस्था वा विद्यालय/कलेजलाई सहभागी गराईनेछ ।

२३. नगरपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

(१) उपत्यका भित्र भाग लिन जानेको हकमाः-

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि हुने खर्च उपलव्ध गराईनेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन ५००/- दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु. ३०००/- सम्मको सुविधा दिन सक्नेछ ।

(२) उपत्यका बाहिर भाग लिन जाने हकमाः-

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि खर्च उपलब्ध गराईनेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन ७००/- दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु. ३०००/- सम्मको सुविधा दिन सक्नेछ ।

घ) प्रतियोगितामा जान आउन सम्भव भएसम्म स्थलमार्ग र सार्वजनिक यातायातको प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद -८

## तालिम तथा प्रशिक्षण व्वस्थापन

२४. नगर खेलकुद समितिले खेलकुद विकास र खेलाडिको स्तरवृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

२५. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन नगर खेलकुद समितिका प्रतिनिधि र वडाध्यक्षको सिफारिस सहित नगर खेलकुद समितिको निर्धारित फाराम बुझाई आवेदन दिनु पर्नेछ ।

२६. प्रशिक्षार्थीहरुले फाराम शुल्क रु. १०/-, मासिक शुल्क रु. ५०/ — बुझाई खेलाडी परिचय पत्र लिनु पर्नेछ र भर्ना शुल्क रु. २००/ — लाग्नेछ ।

२७. प्रशिक्षणमा सहभागी टिम-क्लब, विद्यालयहरु भएको हकमा ६ देखि १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनुपर्ने र फाराम शुल्क रु. १०/- , दर्ता शुल्क रु. ५००/- लाग्ने छ ।

२८. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एकजना प्रशिक्षक  एकजना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ ।यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई नगर खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलव्ध गराईनेछ ।

२९. कुनै पानि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ । आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ ।

३०. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनुपर्नेछ ।

३१. प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी नगरपालिकामा माग गर्ने, खेलाडीबाट मासिक शुल्क उठाउन, प्रशिक्षण सामग्रीको अभिलेख राखी हिफागत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र पाकेज प्रोग्राम(प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३२. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३३. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा नगर खेलकुद समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३४. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा नगरपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ ।

## परिच्छेद -९

## नगर खेलकुद विकास कोषको व्यवस्था

३५. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि कीर्तिपुर नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३६. कोषका श्रोतहरु देहाय बमोजिम हुनेछः-

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

घ) नगरभित्रका टीम, क्लब दर्ता आवेदन शुल्क, नवीकरण शुल्क, फाराम शुल्क

३७. यस कोषको संचालन नगर खेलकुद समितिको निर्णय अनुसार हुनेछ ।

३८. नगर खेलकुद समितिको अध्यक्षले बढीमा रु. १०,०००/- सम्म कोषबाट खर्च गर्न सक्नेछ । र यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरि नियमानुसार फछ्र्यौट गर्नुपर्नेछ ।

# परिच्छेद-१०

## खेलकुद पुर्वाधार निर्माण तथा मर्मत

३९. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४०. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार नगर खेलकुद समितिले कोषबाट मर्मत संभार गर्नेछ ।तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

४१. खेलकुद पुर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न नगर खेलकुद समितिको निर्णयानुसार माग भई आएमा नगरपालिकाले यस्तो पुर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद -११

## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

४२. यूवा तथा खेलकुद विकास समिति अन्तर्गत नगर खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ । विषयगत खेल प्रशिक्षण समिति सम्बन्धि अन्य व्यवस्थाहरु देहाय वमोजिम हुनेछन् —

क) नगर खेलकुद समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक रहने गरी ३ देखि ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ ।

ख) यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

ग) यस समितिले सम्बन्धित खेलकुदप्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ ।

घ) प्रशिक्षणको लागि आवश्यक सामाग्री जुटाउन मद्दत गर्नेछ ।

ङ) प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडिङ्, प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।

च) प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

छ) नगर खेलकुद समितिको नीति, नियम र निर्देशनलाई पालना गर्ने र गर्न लगाउने छ ।

ज) प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

झ) यस समितिको वैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ ।

ञ) नगर खेलकुद समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्नेछ ।

ट) अनुशासनको कार्वाही गर्ने क्रममा गल्ती हेरि स्पष्टीकरण, चेतावनी वा निलम्बन गर्न सक्नेछ । तोकेको अवधिमा पनि आचरण सुधार नभएमा निष्काशन गर्न सक्नेछ ।

ठ) अनुशासनको कार्वाही गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिइनेछ । तर प्रशिक्षण समितिको प्रतिवेदनमाथि नगर खेलकुद समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

ड) नगर खेलकुद समितिको निर्णयअनुसार आवश्यक थपघट वा संशोधन सुधार गर्न सकिनेछ ।

# परिच्छेद-१२

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

४३. अनुशासनको कारवाहीः खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ । तर एक वर्षमा तीन पटक भन्दा बढि चेतावनी पाईसकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता/ प्रशिक्षण / व्यवस्थापनमा सहभागि हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा नगर खेलकुद समितिले निलम्वन गर्न सक्नेछ ।

४४. वर्षभरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद समितिको सिफारिसमा नगरपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।

प्रमाणिकरण मितिः- २०७५ साउन २४ गते

आज्ञाले,
(निरन्जन श्रेष्ठ)
प्रमुख प्रशासकिय अधिकृत